विधेयक सँख्याः

# विनियोजन विधेयक

२०७७

## शैलुङ गाउँपालिका

काटाकुटी, दोलखा

## उदेश्य र कारण

आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

प्रस्तुत विधेयकले स्थानीय सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ।

**(लालमाया योञ्जन घिसिङ)**
**उपाध्यक्ष**

## आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७

**प्रस्तावना:** शैलुङ गाउँपालिकाको आर्थिक बर्ष २०७७।७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम शैलुङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ: (१)** यस ऐनको नाम "शैलुङ गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन संवत् २०७७ साल श्रावण ०१ गतेदेखि प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७७।७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१) आर्थिक वर्ष २०७७।७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखा, अन्य शाखा/इकाईले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५८,२२,४४,०००।- (अक्षेरुपी अन्ठाउन्न करोड बाईस लाख चौवालिस हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन: (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।७८ को निमित्त शैलुङ गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम विनियोजित बजेटमा थपघट भएमा वा सभाबाट स्वीकृत योजना तथा कार्यक्रममा संशोधन गर्न

आवश्यक भएमा गाउँ कार्यपालिकाबाट बजेट थपघट एवं योजना तथा कार्यक्रम संशोधन गर्न सकिने छ ।

(४) यस गाउँपालिकाको लागि अन्य निकायवाट लागत सहभागितामा संचालन हुने गरी थप योजना उपलव्ध भएमा गाउँ कार्यपालिकाको कार्यालयवाट म्याचिंग फण्ड उपलव्ध गराई योजना कार्यान्वयन गर्न सकिने छ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | | | | ५८२२४४ |